बैठक संख्या - ६८

आज मिति २०७६ साल माघ १३ गते सोमवारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्रकुमार पाखेरेलज्यूको अध्यक्षतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य, सहीतको उपस्थितिमा कनकाई नगर कार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय अनुसार निर्णय गरियो ।

| | |
|---|---|
| १. नगर प्रमुख | राजेन्द्रकुमार पोखरेल |
| २. नगर उपप्रमुख | मञ्जु प्रसाई |
| ३. वडा अध्यक्ष | रोशनराज पोखरेल |
| ४. वडा अध्यक्ष | परशुराम गिरी |
| ५. वडा अध्यक्ष | रुद्रप्रसाद चिमरिया |
| ६. वडा अध्यक्ष | गोविन्द प्रसाद पौडेल |
| ७. वडा अध्यक्ष | कृष्णबहादुर राई |
| ८. वडा अध्यक्ष | लक्ष्मीप्रसाद ओली |
| ९. वडा अध्यक्ष | लीलाबहादुर कन्ङ्वा |
| १०. वडा अध्यक्ष | प्रेमबहादुर कटुवाल |
| ११. वडा अध्यक्ष | प्रेमप्रसाद राजवंशी |
| १२. कार्यपालिका सदस्य | सिता अधिकारी |
| १३. कार्यपालिका सदस्य | साबित्रा बर्देवा |
| १४. कार्यपालिका सदस्य | चुवालाल राजवंशी |
| १५. कार्यपालिका सदस्य | देवेन्द्रकुमार दर्जी |
| १६. कार्यपालिका सदस्य | कृष्णमाया भुजेल |
| १७. कार्यपालिका सदस्य | सुनिता खरेल सिग्देल |
| १८. कार्यपालिका सदस्य | नवलकशोर दत्त कायस्थ |
| १९. कार्यपालिका सदस्य | मुना बयलकोटी |
| २०. सदस्य सचिव प्र प्र अ | खरुदेव चुडाल |
| २१. अन्य कर्मचारी<br>प्र.अ | विवेक भण्डारी |

## प्रस्तावहरु

१ घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धमा।
२ माई मेलाको सुरक्षा बन्दोबस्तीको खर्च सम्बन्धमा।
३ योजनाको रकम भुक्तानी सम्बन्धमा।
४ करारका कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा।
५ योजना संशोधनका लागि नगरसभामा पेश गर्ने सम्बन्धमा।

## निर्णयहरु

१ प्रस्ताव नं १ माथि छलफल गर्दा यस कार्यालयमा घ वर्गको ईजाजतपत्र माग गरी ४ वटा विभिन्न निर्माण व्यवसायीहरुबाट माग भएकोमा अनुगमन समिति तथा प्राविधिक शाखा को प्रतिवेदनका आधारमा प्रदान गरिएका योग्यता पुगेका तपशिल अनुसारका निर्माण व्यवसायीलाई ईजाजतपत्र प्रदान गर्ने निर्णय अनुमोदन गरियो।

क फ्रेण्डस अर्बिट कन्स्ट्रक्शन सर्भिसेज प्रा लि, क.न.पा. ८, ब्यवसायी खगेन्द्र निरौला ,
ख गोपिचन कन्सट्रक्शन प्रा लि, क.न.पा. ३, ब्यवसायी किरण मैनाली,
ग आर. टि. पाथिभरा निर्माण सेवा प्रा लि, क.न.पा. ३, ब्यवसायी ऋषी बुढाथोकी र
घ अग्नि एण्ड सन्स निर्माण सेवा प्रा लि, क.न.पा. ३, ब्यवसायी दुर्गा प्रसाद पाठक ।

२ प्रस्ताव नं २ माथि छलफल गर्दा यस वर्षको माई मेलाको सुरक्षा बन्दोबस्ती बापत खर्च भएको रकम रु ८०,०००।– मात्र यस नगरको तर्फबाट उपलब्ध गराउने निर्णय गरियो।

३ प्रस्ताव नं ३ माथि छलफल गर्दा मेयर आवास योजना वडा नं ७ को अन्तिम रनिङ बिल अनुगमन समितिबाट सिफारिस भई फरफारकका लागि पेश भएकोमा भुक्तानीका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

४ प्रस्ताव नं ४ माथि छलफल गर्दा करारका कर्मचारीहरुको पारिश्रमिक अझ बढी वैज्ञानिक एवं वस्तुपरक बनाउनका लागि तपशिल अनुसारको पारिश्रमिक सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

संयोजकः श्री गोविन्दप्रसाद पौडेल वडाध्यक्ष, वडा नं ४

सदस्यः श्री प्रेम बहादुर कटुवाल वडाध्यक्ष, वडा नं ८

सदस्यः श्री लक्ष्मी प्रसाद ओली, वडाध्यक्ष, वडा नं ६

सदस्यः श्री भूपेन्द्र दाहाल, लेखा अधिकृत

सदस्य सचिवः श्री विवेक भण्डारी, प्रशासकीय अधिकृत

५ प्रस्ताव नं ५ माथि छलफल गर्दा विभिन्न वडाहरुबाट संशोधनका लागि पेश गरिएका योजनाहरु नगरसभामा पेश गर्ने निर्णय गरियो । साथै नगरका योजनाहरु तपशिल अनुसार संशोधन गर्ने निर्णय गरियो ।

क शिक्षा तर्फ सि नं ३ विद्यालयमा सूचना तथा सञ्चार (ईन्ट्रानेट जडान समेत) मा विनियोजित रु २५,००,०००।– मध्ये पोषण तथा सहयोग शीर्षकमा रु ८,००,०००।– मात्र ।

ख सवारीसाधन शीर्षकबाट पोलिटेक्निक संचालनका लागि विगतमा रु २०,००,०००।– प्रदान गरिएकोमा थप रु १०,००,०००।– गरी जम्मा ३०,००,०००।–, ६,००,०००।– साईकल लेन निर्माण र रु ४,००,०००।– विद्युतीय सवारी खरिद ।